पोखरा विश्वविद्यालय
**मानविकी तथा सामाजिक शास्त्र संकायको**
**स्नातकोत्तर तथा एमफिल तहमा छात्रवृत्ति सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति २०८२।१२।०९ गते सोमवार)

पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत आंगिक तथा सम्बन्धन प्राप्त कलेज तथा महाविद्यालयहरूमा सञ्चालित स्नातकोत्तर तथा एमफिल कार्यक्रमहरूमा आगामी Spring 2026 Intake भर्नाकालागि पोखरा विश्वविद्यालय छात्रबृत्ति सम्बन्धी नियमावली, २०६५ का आधारमा निःशुल्क छात्रवृत्तिको लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्नुपर्ने भएकोले दरखास्त आव्हान गरिएको छ । छात्रबृत्ति सरकारी वा सार्वजनिक वा सरकारको पूर्ण अनुदानमा सञ्चालित विद्यालयमा अध्ययन गरी कक्षा ६ देखि एस.इ.इ वा एस. एल. सी. (कक्षा १०) उत्तिर्ण गरेका विद्यार्थीहरुलाई आधारभूत रुपमा लक्षित गरिएको छ । संस्थागत वा निजि विद्यालयबाट एस.इ.इ.वा एस.एल.सी. पासगरेका उम्मेदवारहरू पनि श-सर्त प्रतियोगितामा सामेल हुन सक्ने छन् ।

**१. छात्रवृत्तिको प्रकारः**

(क) जेहन्दार छात्रवृत्ति, (ख) खुला छात्रवृत्ति, (ग) स्थानीय छात्रवृत्ति, (घ) दलित छात्रवृत्ति, (ङ) जनजाति छात्रवृत्ति, (च) दुर्गम छात्रवृत्ति, (छ) अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति, (ज) शिक्षक, कर्मचारी सन्तति छात्रवृत्ति, (झ) मधेशी समुदाय छात्रवृत्ति ।

प्राप्त हुने सिट संख्यामध्ये जेहन्दार छात्रवृत्ति, स्थानीय छात्रवृत्ति र शिक्षक, कर्मचारी सन्तति छात्रवृत्ति बाहेक बिभिन्न कार्यक्रमहरूलाई प्राप्त सिट मध्ये ६० प्रतिशत खुल्ला र ४० प्रतिशत आरक्षण अन्तर्गत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदायका लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५० प्रतिशत सिट आरक्षण गरिएको छ।

छात्रबृत्ति मुलरुपमा सरकारी वा सार्वजनिक वा सरकारको पूर्ण अनुदानमा सञ्चालित विद्यालयमा अध्ययन गरी कक्षा ६ देखि एस.इ.इ. वा एस.एल.सी. (कक्षा १०) उत्तिर्ण गरेका विद्यार्थीहरुलाई लक्षित गरिएको भएता पनि माथि उल्लेख भए अनुसारको प्राप्त हुनजाने निःशुल्क छात्रवृत्ति कोटा मा सरकारी विद्यालयबाट कक्षा ६ देखि एस.इ.इ. वा एस.एल.सी. (कक्षा १०) उत्तिर्ण गरेका विद्यार्थीहरुलाई पो. वि. छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ बमोजिम द्रोस्रो चरणको Scholarship Award List प्रकाशित गरी छात्रवृत्ति वितरण गरिसकेपछि पनि यदि छात्रवृत्तिमा कोटा / सिट खाली रहेमा त्यस्तो अवस्थामा मात्र संस्थागत वा निजि विद्यालयबाट एस. इ. इ. वा एस. एल. सी. पास गरेका र पो. वि. छात्रवृत्तिको मेरिट लिष्टमा समावेश भएका उम्मेदवारहरुलाई उक्त रिक्त कोटाहरुमा अध्ययनको लागि छनौट गरिनेछ । यसरी संस्थागत वा निजि विद्यालयबाट एस.इ.इ. वा एस.एल.सी. पास गरेका उम्मेदवारहरुका लागि उपलब्ध हुने छात्रवृत्तिका सिटमा खुला छात्रवृत्ति सरह उनीहरुको मेरिट लिष्टका आधारमा वितरण गरिनेछ ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रमहरू:**

a) Master in Population, Gender and Development (MPGD) - 5 Seats (SDSE, Pokhara)
b) Master of Arts in English – 3 Seats (IACER, Kathmandu)
c) MPhil in English– 3 Seats (IACER, Kathmandu)

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्ने छ ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) Master in Population, Gender and Development (MPGD) तथा Master of Arts in English कार्यक्रमहरूका लागि कुनै पनि विषय लिई सो विषयमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(ग) MPhil in English कार्यक्रमका लागि कुनै पनि विषय लिई सो विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(घ) स्नातकोत्तर कार्यक्रमका लागि स्नातक तहमा CGPA 2.00/4.00 वा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ङ) एम फिल कार्यक्रमका लागि स्नातकोत्तर तहमा CGPA 3.00/4.00 वा ५० प्रतिशत अंक ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(च) सरकारी वा सार्वजनिक वा सरकारको पूर्ण अनुदानमा सञ्चालित विद्यालयमा अध्ययन गरी कक्षा ६ देखि एस.इ.इ. वा एस.एल.सी. (कक्षा १०) उत्तीर्ण गरेको हुनुपर्नेछ । तर उपलब्ध हुने छात्रवृत्ति कोटामा सरकारी वा सार्वजनिक विद्यालयबाट एस.इ.इ. वा एस.एल.सी. उत्तीर्ण गरेको हुनुपर्ने भनिएता पनि उपलब्ध छात्रवृत्ति कोटा रिक्त रहन गएको अवस्थामा संस्थागत वा निजी विद्यालयमा अध्ययन गरी एस. इ. इ. वा एस. एल. सी. उत्तीर्ण गरेका उम्मेदवारहरुलाई समेत मेरिटका आधारमा छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(छ) स्नातकोत्तर अध्ययनकालागि स्नातक तह उत्तिर्ण भएको मितिले ३ वर्षको अवधि ननाघेको व्यक्तिले मात्र दरखास्त पेश गर्न सक्नेछन् ।

(ज) MPhil कार्यक्रम अध्ययनका लागि स्नातकोत्तर तह उत्तिर्ण पश्चातको कुनै समय सीमा लाग्ने छैन ।

(झ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ ।

**४. उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

४.१. सरकारी तथा सार्वजनिक वा सरकारको पूर्ण अनुदानमा सञ्चालित विद्यालयमा अध्ययन गरी एस.एल.सी.वा एस.इ.इ.उत्तीर्ण गरेका सबै उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछः

(क) **नेपाली** नागरिकताको **प्रमाणपत्र**,

(ख) स्नातकोत्तर तहकालागि एस.एल.सी. वा सो सरहको परीक्षा, दश जोड दुई वा प्रमाणपत्र तह परीक्षा र स्नातक तहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ग ) MPhil कार्यक्रमका लागि माथि (ख) अनुसारका प्रमाणपत्रका साथै स्नातकोत्तर तह उतीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) विदेशी विश्वविद्यालयबाट अध्ययन सम्पन्न गरेका उम्मेदवारको लागि समकक्षताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) उम्मेदवारले अध्ययन गरेको विद्यालय सरकारी वा सार्वजनिक विद्यालय हो भनी अनुसूची २ बमोजिमको सिफारिस पत्र,

४.२. माथि उल्लेखित कागजातका अतिरिक्त लक्षित कोटामा आवेदन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नुपर्ने छ:

(क) स्थानीय छात्रवृत्तिकोलागि दरखास्त दिने उम्मेदवारहरुले पोखरा महानगरपालिकाको स्थायी बासिन्दा भएको पोखरा महानगरपालिका वा सम्बन्धित वडा कार्यालयको सक्कल सिफारिस पत्र,

(ख) दलित छात्रवृत्तिको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा स्थायी ठेगाना भएको पालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ग) आदिवासी-जनजाति छात्रवृत्तिको लागि आदिवासी-जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट वा स्थायी ठेगाना भएको पालिकाको सम्बन्धित वडा कार्यालयको आदिवासी-जनजाती भनि उपलब्ध गराएको सिफारिस पत्र,

(घ) दुर्गम छात्रवृत्तिको लागि स्थायी ठेगाना भएको पालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ङ) अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनि उपलब्ध गराएको सिफारिस पत्र,

(च) शहिद परिवारका छोराछोरी वा जन–आन्दोलनको घाइते वा निजको सन्तति र बेपत्ता पारिएका परिवारका छोराछोरीको हकमा नेपाल सरकारको गृहमन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको सिफारिस पत्र,

(छ) मधेशी छात्रबृत्तिको लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र,

४.३ सार्वजनिक विद्यालय तथा संस्थागत वा निजि विद्यालयबाट अध्ययन गरी एस.एल.सी.वा एस.इ.इ. (कक्षा १०) उत्तीर्ण गरेका सबै उम्मेदवारहरुले दरखास्त साथ देहायका प्रतिलिपि कागजातहरू पेश गर्नु पर्नेछ:

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एस.एल.सी. वा एस.इ.इ. (कक्षा १०) वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र सहित जुन तहको छात्रवृत्तिकोलागि आवेदन गर्ने हो सोभन्दा अघिल्लो तह सम्मका सम्पूर्ण लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रहरू,

४.४ अनलाइन दरखास्त फारम अस्थायी (Provisional) भर्न पाउने सम्बन्धमा:

अनलाइन दरखास्त फारम भर्ने उम्मेदवारहरूले स्नातकोत्तर तहका लागि अनलाइन दरखास्त फारम भर्ने समयसम्म स्नातक तह अन्तिम वर्ष/सेमेष्टर/ट्राइमेष्टरको तथा एम फिल तहका लागि स्नातकोत्तर तह अन्तिम वर्ष/सेमेष्टर/ट्राइमेष्टरको परीक्षाफल प्रकाशित नभएको अवस्थामा वा परीक्षाफल प्रकाशित भएर पनि ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्र पाउने प्रक्रियामा रहेको अवस्थामा अनलाइन दरखास्त फारम भर्न पाउनेछन् । तर छात्रवृत्ति छनौट समितिबाट पास लिस्ट प्रकाशित गरिदा उक्त पास लिष्टमा यसरी अस्थायी (Provisional) रूपमा भरेका उम्मेदवारहरूलाई पनि समावेश गरिएता पनि पास लिष्ट प्रकाशित गरिदा छात्रवृत्ति छनौट समितिले तोकिएको समयसम्म ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्र अनिवार्य रूपले पेश गर्नुपर्नेछ । अन्यथा ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्र नबुझाउने उम्मेदवारहरूलाई पास लिष्टमा प्रकाशित भएता पनि बाँकी छात्रवृत्तिको प्रकृयामा समावेश गरिने छैन ।

यसरी दरखास्त दिने उम्मेदवाहरूले दरखास्त फारम भर्ने समयसम्म स्नातक तह अन्तिम वर्ष/सेमेष्टरको तथा एम फिल तहका लागि स्नातकोत्तर तह अन्तिम वर्ष/सेमेष्टर/ट्राइमेष्टरको परीक्षाफल प्रकाशित नभएको अवस्थामा वा परीक्षाफल प्रकाशित भएर पनि ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्र पाउने प्रक्रियामा रहेको अवस्थामा देहाय बमोजिम थप कागजातहरू पेश गर्नु पर्नेछ ।

(क) स्नातकोत्तर तहका लागि स्नातक तह अन्तिम वर्ष/सेमेष्टर/ट्राइमेष्टरको परीक्षा दिएको प्रवेश पत्र तथा सो भन्दा अघिल्लो वर्ष/सेमेष्टर/ट्राइमेष्टर सम्मको उर्तिण भएको लब्धांकपत्र,

(ख) एम फिल तहका लागि स्नातकोत्तर तह अन्तिम वर्ष/सेमेष्टर/ट्राइमेष्टरको परीक्षा दिएको प्रवेश पत्र तथा सो भन्दा अघिल्ला वर्ष/सेमेष्टर/ट्राइमेष्टरसम्मको उर्तिण भएको लब्धांकपत्र,

**५. सवै प्रकारका छात्रवृत्तिमा अध्ययन गर्न आवेदन दिने आवेदकहरूले कागजातहरू पेश गर्ने क्रममा झुट्टा कागजात पेश गरेको प्रमाणित हुन गएमा छात्रवृत्तिमा छनौट भई सम्बन्धित शैक्षिक संस्थामा अध्ययन गरेको पाईएमा निजको छात्रवृत्ति स्वत रद्द हुनेछ । यसरी रद्द भए पश्चात निज विद्यार्थीले अध्ययन पुरा गर्नका लागि तोकेबमेजिमको अध्ययन शुल्क विश्वविद्यालयमा फिर्ता गर्नु पर्नेछ । यसपछि शुल्क तिरेर अध्ययन कार्यलाई निरन्तरता दिन सक्नेछ ।**

६. https://scholorship.pu.edu.np बाट Online Form भर्न सकिने छ ।

७. **परीक्षा दस्तुरः** रु. १०००।– (अक्षेरुपी एक हजार मात्र) तपशिल बमोजिमको कामना सेवा विकास बैंकमा रहेको यस निकायको खातामा जम्मा गरी सक्कल बैंक भौचरको Scanned Copy लाई Online आवेदन भर्ने समयमा upload गर्नुपर्नेछ ।

Bank Name: Kamana Sewa Bikas Bank Ltd.

Account Name: FAC OF HUMANITIES & SOCIAL SCI PU

Account Number: 017003002114700000001

८. **आवेदन दिने अन्तिम मितिः** २०८२।१२।२३

९. **परीक्षा हुने मितिः** २०८२।१२।२६

१०. **परीक्षाको किसिम र भाषा:** वस्तुगत र अंग्रेजी

a) Master in Population, Gender and Development (MPGD) का लागि

(i) Verbal Ability- 40 अंक, (ii) Logical and Critical Reasoning- 30 अंक, (iii) Quantitative Ability -30 अंक, (iv) General Knowledge-50 अंक

b) MA in English र MPhil in English का लागि

(i) Verbal Ability -50 अंक (ii) Logical and Critical Reasoning -50 अंक र (iii) General Knowledge-50 अंक

११. **लिखित परीक्षाको समय:** विहान ८:०० बजे देखि ११:०० बजे सम्म (तीन घण्टा) ।

१२. **परीक्षा केन्द्रः** पोखरा विश्वविद्यालय, स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल ईन्जिनियरिङ्ग, पोखरा विश्वविद्यालय प्राज्ञिक परिसर, पोखरा महानगरपालिका - ३०, कास्की ।

**सम्पर्कको लागि**

मानविकी तथा सामाजिक शास्त्र संकाय, पोखरा विश्वविद्यालय, पोखरा महानगरपालिका-३०, कास्की ।

फोनः ०६१-५०४०७८, मोवाईल नं. ९८५६०२११२२

Website: www.pu.edu.np